आज मिति २०७५ साल पौष २८ गते शनिबारका दिन तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको गाउँसभा तयारी बैठकमा तपशीलका प्रस्ताव माथि छलफल गरियो ।

श्री कर्ण बहादुर मगर गाउँपालिका अध्यक्ष

श्री पदममाया तामाङ उपाध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत श्री राजन थापा

श्री गोविन्द राउत कार्यपालिका सदस्य

श्री हेम बहादुर श्रेष्ठ कार्यपालिका सदस्य

श्री लाल बहादुर स्याङतान कार्यपालिका सदस्य

श्री खडग बहादुर भुजेल कार्यपालिका सदस्य

श्री दिनेश कुमार रमौली कार्यपालिका सदस्य

श्री बीर बहादुर पुलामी कार्यपालिका सदस्य

श्री कोमल बहादुर खपाङ्गी कार्यपालिका सदस्य

श्री रेखराज अधिकारी कार्यपालिका सदस्य

श्री शेर बहादुर मगर कार्यपालिका सदस्य

श्री पुण्यहरि भुजेल कार्यपालिका सदस्य

श्री हितलाल श्रेष्ठ कार्यपालिका सदस्य

श्री दुध कुमारी ठकुरी कार्यपालिका सदस्य

श्री जगदिश्वर तोलाँङ्गी कार्यपालिका सदस्य

श्री गीतामाया थापा कार्यपालिका सदस्य

देवमाया श्री देबमाया श्रेष्ठ कार्यपालिका सदस्य

श्री भगवती श्रेष्ठ कार्यपालिका सदस्य

श्री टेक बहादुर परियार कार्यपालिका सदस्य

प्रस्तावहरु:

१ कार्यक्रम संशोधन सम्बन्धमा ।

२ विविध ।

निर्णय नं. १

(क) प्रस्ताव नं. १ माथि छलफल गर्दा तिनपाटन गाउँपालिकाको विधेयक समितिको मिति २०७५।८।१० गते बसेको बैठकले, यसै गाउँपालिकाको गाउँसभाले अनुमोदन गरेको पूर्वाधार ऐन, २०७४ को दफा २० को उपदफा १ 'ख' मा व्यवस्था भएको रु ४० लाख सम्मको आयोजना तथा कार्यक्रम उपभोक्ता समिति मार्फत गर्ने भन्ने व्यवस्था भएकोमा उक्त विषयलाई संशोधन गर्दै रु ५० (पचास) लाख सम्मको आयोजना तथा कार्यक्रम उपभोक्ता समिति मार्फत गर्न सकिने व्यवस्था राख्ने र उक्त संशोधित व्यवस्था मा बाझिने अन्य कानून बाझिएको हदसम्म अमान्य हुने व्यवस्था राख्ने निर्णय गर्दै अनुमोदनका लागि आगामी सम्मानित गाउँसभाको बैठकमा पेश गर्ने निर्णय गरियो।

यसै गरी पूर्वाधार ऐन, २०७४ कै दफा २५ को उपदफा २ मा पूर्वाधार अनुगमन समितिमा रहेको सम्पूर्ण व्यवस्था तत्कालका लागि खारेज गर्ने निर्णय गर्दै अनुमोदनका लागि सम्मानित गाउँसभामा पेश गर्ने निर्णय गरियो।

(ख) तिनपाटन गाउँपालिकाको आयोजना व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७५ को नियम ८ को उपभोक्ता समिति सम्बन्धी व्यवस्थाको उपनियम (५) मा रहेको उपभोक्ता समितिमा रहन नसक्ने व्यक्तिका हकमा 'राजनैतिक दलको प्रतिनिधिको रुपमा स्थानीय तहको कुनै पनि पदमा आसिन व्यक्ति' भन्ने स्थानमा 'राष्ट्रिय मान्यता प्राप्त राजनैतिक दलका गाउँपालिका स्तरीय पदाधिकारीहरु (सभापति/अध्यक्ष, उपसभापति/उपाध्यक्ष, सचिव, सह-सचिव र कोषाध्यक्ष) उपभोक्ता समितिमा बस्न नपाउने निर्णय गरियो।

तीनपाटन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाम्पनटार, सिन्धुली
३ नं. प्रदेश, नेपाल
२०७३

(ग) तीनपाटन गाउँपालिकाको आयोजना व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ३, सुपरिवेक्षण तथा अनुगमन समिति नियम १६ मा भएको सुपरिवेक्षण तथा अनुगमन समितिको व्यवस्थालाई संशोधन गर्दै तीन सदस्य थप गर्ने निर्णय गरियो :-

अ) पूर्वाधार विकास समितिको संयोजक- सदस्य
आ) पूर्वाधार विकास शाखाका इन्चार्ज- सदस्य
इ) अनुगमन तथा सुपरिवेक्षण समितिको संयोजक- सदस्य

(घ) यस गाउँपालिकाबाट विभिन्न समयमा जारी भएका ऐन तथा अन्य कानूनहरुको सामयिक परिमार्जन तथा संशोधनहरुका लागि मिति २०७५।३। ३० गते भित्र बस्ने गाउँसभामा छलफल गर्ने गरी गाउँकार्यपालिकामा छलफल गर्ने निर्णय गरियो।

निर्णय नं. २

तीनपाटन गाउँपालिका वडा १,२,४ को सिमानामा रहेको चपाहा खोलाको नियन्त्रण तथा व्यवस्थापनका लागि चपाहा खोलाको विस्तृत आयोजना प्रतिवेदन तयार हुँदै गरेको सन्दर्भमा हाललाई सो क्षेत्रमा कुनै संरचना निर्माण नगर्ने तथा गाउँपरिषद्मा सारपामाडी पुलबाट ब्राम फुट गर्ने सम्बन्धित निकायलाई तथा सरोकारवाला पक्षलाई जानकारी दिने निर्णय गरियो।